# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) जनकपुरधाम, असोज २६ गते, २०७५ साल (अतिरिक्ताङ्क १४

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

## प्रदेश नं. २ को विपद् व्यवस्थापन गर्न बनेको ऐन, २०७५

सम्बत २०७५ सालको ऐन नं. १२

प्रदेश नं. २ भित्र भएका वा हुन सक्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद्को व्यवस्थापन, विपद् पूर्वको तयारी, पीडितको उद्धार, राहत

वितरण, पुर्नस्थापना र पूनर्लाभ सम्बन्धी व्यवस्था गर्न बान्छनीय भएकोले,

प्रदेश नं. २ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भ र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "प्रदेश नं. २ को विपद् व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं. २ भर लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "कोष संचालन समिति" भन्नाले दफा ९ बमोजिमको गठित कोष संचालन समिति सम्झनुपर्छ ।

(ख) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, सर्पदंश, जंगली वा घरपालुवा जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषालु ग्याँस, रसायनिक विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनुपर्छ ।

(ग) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले दफा १६ बमोजिम गठित जिल्लास्तरका विपद् व्यवस्थापन





सम्बन्धी कार्यको लागि गठित जिल्ला विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(घ) "तोकिएको र तोकिए बमोजिम" भन्नाले नियमावलीमा तोकिएको भन्ने सम्झनु पर्छ ।

(ङ) "प्राकृतिक विपद् " भन्नाले, असिना, हिमताल विस्फोटन, अतिवृष्टी, अनावृष्टी , बाढी, पहिरो तथा भूस्खलन, डुवान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो, आगलागी र यस्तै अन्य प्राकृतिक प्रकोपबाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(च) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले दफा ३(१) बमोजिम गठित प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(छ) "प्रभावित क्षेत्र" भन्नाले विपद्बाट प्रभावित क्षेत्रलाई सम्झनुपर्दछ ।

(ज) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(झ) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् वा प्रकोप सम्झनुपर्छ ।

(ञ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद्

व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायता कर्मीलाई समेत जनाउँछ ।

(ट) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने संभाव्य जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनुपर्छ ।

(ठ) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटना पछि गरिने पुनःनिर्माण एवं पुनःस्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ ।

(ड) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नसाथ तत्कालै गरिने, उद्धार एवं राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद्को सामना गर्न अपनाइने पूर्व तयारी समेतको कार्यलाई जनाउँछ ।

(ढ) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् पूर्व तयारी, पिडितको उद्धार, राहत, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ।

(ण) "विपद् व्यवस्थापन कार्यकारी समिति" भन्नाले दफा १४(१) बमोजिमको गठित प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झिनु पर्छ ।





(त) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा प्रदेश प्रहरी सम्झनुपर्छ ।

## परिच्छेद – २

## समिति गठन र काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था

३. **प्रदेश विपद् व्यवस्थापन समिति गठनः** (१) विपद् व्यस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन तथा व्यस्थापन गर्न प्रदेश सरकार अन्तर्गत एक प्रदेश विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने प्रदेश विपद् व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:

| | |
|---|---|
| (क) मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) आन्तरिक मामिला तथा कानून मन्त्री | -सदस्य |
| (ग) आर्थिक मामिला तथा योजना मन्त्री | -सदस्य |
| (घ) भौतिक पूर्वाधार विकास मन्त्री | -सदस्य |
| (ङ) सामाजिक विकास मन्त्री | -सदस्य |
| (च) प्रमुख सचिव, प्रदेश नं. २ | सदस्य सचिव |

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि, संचालन तथा अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(४) समितिको लागि आवश्यक पर्ने कर्मचारी तथा परामर्शदाताहरु प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(५) समितिलाई विपद्को प्रभावकारी व्यवस्थापन गर्नको लागि यस ऐनको सीमामा रहेर नीतिहरु बनाउने, योजना तथा निर्देशिकाहरु बनाउने अधिकार हुनेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विपद् व्यस्थापन सम्बन्धमा प्रदेशको मुख्य जिम्मेवार निकायको रूपमा कार्य गर्ने,

(ख) नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भूमण्डलीय तापमान वृद्धि, जलवायु परिवर्तन, भू उपयोग र विभिन्न प्रकोप तथा विपदका सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ग) प्रदेश तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(घ) विपद् व्यवस्थापन सम्बन्धी कार्यमा गैरसरकारी संस्था, निजी क्षेत्र तथा स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरुको कार्यमा समन्वय एवम सहजीकरण गर्ने,

(ङ) प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभावकारी खोज, उद्धार तथा राहत प्रदान गर्ने, गराउने,





(च) विपद्को घटना हुनसाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने,

(छ) विपद् पीडित र प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज, तथा उद्धार समूह, फ्लाइङ्ग स्क्वाड, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिक लगायतका सरोकारवाला संस्थाहरुलाई परिचालन गर्ने, गराउने,

(ज) विपद्का घटनापश्चात सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, उद्धार समूह एवं प्राप्त हुने नगद तथा राहत सामाग्रीको व्यस्थापन गर्ने, गराउने,

(झ) विपद् व्यस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्धिपक्षीय एवं बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने,

(ञ) विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यस्थापन सम्बन्धी सूचना तथा तथ्यांकको संकलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण समयमै गर्ने, गराउने,

(ट) प्रदेश अन्तर्गतका विभिन्न निकाय लगायत अन्य संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह, सुझाव दिने,

(ठ) विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(ड) विपद् जोखिम न्यूनीकरणको लागि भूविज्ञान, भूकम्प विज्ञान, जल तथा मौसम विज्ञान, भौगोलिक सूचना प्रणाली, दुर सम्वेदन (रिमोट सेन्सिङ्ग) प्रणाली, पूर्व चेतावनी प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरुको अध्ययन, अनुसन्धान गर्ने, गराउने र उपयुक्त प्रविधिको उपयोग गर्ने, गराउने,

(ढ) विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्व जानकारी गराउन, तत्काल सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न खोजी उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न प्रादेशिक आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ण) विपद्को समयमा तत्काल परिचालन हुने गरी फलाइङ्ग स्कवाड गठन गर्ने,

(त) विपद्को समयमा खोजी, उद्धार तथा राहत कार्यका लागि तत्काल परिचालन गर्न स्वयंसेवक ब्युरो गठन गर्ने,

(थ) विपद् प्रभावित क्षेत्रका नागरिकहरुलाई अस्थायी पुनर्स्थापना केन्द्रको निर्माणमा स्थानीय समुदाय एवं स्वयंसेवकहरु परिचालन गर्ने, गराउने,

(द) विपद् प्रतिकार्यमा निजी तथा गैरसरकारी संस्था, स्थानीय समुदाय तथा अन्य सरोकारवालालाई समन्वयात्मक रूपमा परिचालन गर्ने, गराउने,

(ध) विपद्का लागि आपतकालीन गोदाम घर सञ्चालन गर्ने तथा प्राप्त राहत सामाग्रीको व्यवस्थापन गर्ने ।





(न) विपद् व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(२) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५. <u>अधिकार प्रत्यायोजनः-</u> समितिले आवश्यकता अनुसार आफूमा रहेको केही वा सबै अधिकार प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति एंव जिल्ला विपद् व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद ३

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

६. <u>विपद् व्यवस्थापन कोषको स्थापनाः</u> (१) विपद् व्यवस्थापनका लागि मुख्यमन्त्री विपद् व्यवस्थापन कोष नाम गरिएको एक कोष खडा गरिनेछ ।

(२) दफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) प्रदेश मन्त्रिपरिषद्का सदस्य, प्रदेश सभा सदस्य, निजामती कर्मचारी, जंगी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अन्य सरकारी तथा गैरसरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उधमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरु, राजनीतिक दल, ट्रेड युनियन, गैरसरकारी

संस्था, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(ग) दातृ राष्ट्र, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट प्रचलित कानून बमोजिम प्राप्त भएको रकम,

(घ) नेपाल सरकार वा प्रदेश सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ङ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) उपदफा (१) बमोजिमको कोष आवर्ती कोष (रिभल्भिङ फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

(४) कोषमा दाखिल हुने सरकारी तथा निजी क्षेत्रको रकममा आयकर छूट हुनेछ ।

७. <u>कोषको प्रयोगः</u> (१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः–

(क) विपद्बाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,

(ख) विपद्बाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने,

(ग) विपद्बाट पीडित व्यक्तिको भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, औषधी, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु वितरण गर्ने,

(घ) विपद्को कारणबाट घाइते वा बिरामी भएको व्यक्तिको औषधी उपचार गर्ने,





(ङ) विपद्को कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तलाई आर्थिक सहायता प्रदान गर्ने,

(च) विपद्को कारणबाट भएको फोहोर मैला तथा प्रदुषणको विसर्जन (डिस्पोजल) गर्ने,

(छ) विपद्बाट पीडित व्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुर्नस्थापना गर्ने,

(ज) विपद्बाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने,

(झ) विपद् रोकथामका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने, पूर्वसावधानी अपनाउने वा पूर्व तयारी (प्रिपेयर्डनेश) गर्ने, गराउने,

(२) विपदको समयमा उद्धार र पुर्नस्थापन गर्ने कार्य तत्काल गर्नुपर्ने हुँदा ती कार्यहरुको लागि प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुनमा रहेको विशेष अवस्थामा सामग्रीहरुको खरीद गर्ने प्रावधान लागु हुनेछ ।

८. <u>कोषको रकम प्रयोग हुन नसक्ने:-</u> यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः–

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) विपद्सँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन,

९. **कोष सञ्चालन समितिः-** (१) कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश नं. २ -अध्यक्ष

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) सचिव (समन्वय), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

(२) कोष संचालन समितिको बैठकको कार्यविधि र अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

१०. **कोषको व्यवस्थापन तथा सञ्चालनः-** (१) कोषको रकम समितिबाट नेपाल राष्ट्र बैंक वा नेपाल भित्रका अन्य कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) दफा (१) बमोजिमको खाता समितिको सदस्य–सचिव र मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालयको प्रमुख लेखा अधिकृत वा लेखा अधिकृतको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।





११. **लेखा तथा लेखापरीक्षणः-** (१) कोषको आम्दानी खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

१२. **कोषको रकम वितरण गर्ने कार्यविधिः-** (१) कोषको रकम दफा ६ बमोजिमको प्रयोजनका लागि खर्च गर्ने गरी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम कोषको रकम उपलब्ध गराउँदा विपद्को सघनता र व्यापकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले, उचित ठहराए बमोजिम रकम उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम रकम उपलब्ध गराउँदा समितिले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिश वा माँग समेतलाई आधार बनाउनेछ।

१३. **प्रदेश सरकारले निर्देशन दिन सक्नेः-** (१) प्रदेश सरकारले यस ऐन बमोजिम रकम उपलब्ध गराउने सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

यस दफाको प्रयोजनको लागि “समिति” भन्नाले मुख्यमन्त्री विपद् व्यवस्थापन कोष सञ्चालन समितिलाई सम्झनु पर्छ।

## परिच्छेद – ४

## समिति गठन, काम, कर्तव्य र अधिकार तथा कोष सम्बन्धि व्यवस्था

१४. **प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिः** (१) प्रदेशमा आन्तरिक मामिला तथा कानून मन्त्रीको अध्यक्षतामा एक प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति रहनेछ र सो समितिका अन्य सदस्यहरुमा निम्न पदाधिकारीहरु रहनेछन् ।

(क) आन्तरिक मामिला तथा कानून मन्त्री -अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानून मन्त्रलायको सचिव -सदस्य

(ग) मुख्यमन्त्रि तथा मन्त्रीपरिषदको कार्यालयको विपद् व्यवस्थापन हेर्ने सचिव -सदस्य

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव -सदस्य

(ङ) प्रदेश सरकारका सरोकारवाला मन्त्रालयका सचिवहरु -सदस्य

(च) प्रदेश स्थित नेपाली सेना प्रमुख -सदस्य

(छ) प्रदेश स्थित सशस्त्र प्रहरी बल, नेपाल प्रमुख -सदस्य

(ज) प्रदेश प्रहरी प्रमुख -सदस्य

(झ) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) यस समितिमा प्रदेश सभा सदस्य र अन्य आमन्त्रित व्यक्तिहरु सदस्य रहन सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धि कार्यविधि, संचालन तथा अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।





(४) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) विपद् व्यवस्थापन सम्बन्धी प्रदेश स्तरिय नीति तथा योजना अनुसार उद्धार तथा राहत प्रदान गर्ने,

ख) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थालाइ उद्धार तथा राहतको लागि अनुरोध गर्ने,

ग) विपद् जोखिम न्युनिकरणको लागि विषयगत क्षेत्र अनुरुप आपतकालिन योजना तर्जुमा गरी कार्यन्वयन गर्ने गराउने,

घ) प्राकृतिक विपद्को सम्भावित असरलाई न्युनिकरण गर्न जोखिमयुक्त स्थानको पहिचान गर्ने र सो को विवरण तयार गरी राख्न लगाउने,

ङ) प्रदेश भित्र भएको विपद्को सम्बन्धमा जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय प्रहरी, स्थानीय तहबाट प्राप्त सूचना समेतको अधारमा विपद्को अवस्था र पिडितको संख्यालाई विचार गरी आवश्यक राहत रकम र सामानहरु वितरणको लागि मन्त्रालयमा रहेको प्रदेश विपद् पिडित उद्धार तथा राहत कोषबाट जिल्ला विपद् व्यवस्थापन समितिलाइ पठाउने,

च) विपद्को जोखिममा रहेका महिला, बालवालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यन्वयन गर्ने, गराउने,

छ) उच्च सङ्कटको अवस्थामा रहेका समुदायको पहिचान गरी जोखिम न्युनिकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

ज) आपतकालिन उपचारका लागि सार्वजनिक तथा निजी अस्पताल वा स्वास्थ्य संस्थामा प्रयाप्त पूर्वाधार तथा सुबिधाको व्यवस्था गरी विपद् प्रभावितलाई तत्काल स्वास्थ्य उपचारको व्यवस्था मिलाउने,

झ) विपद्को समयमा आम सञ्चारका माध्यमहरुले सूचना तथा संदेशमुलक सामाग्री प्रकाशन तथा प्रशारण गर्ने, गराउने व्यवस्था मिलाउने,

ञ) प्रचलित कानूनको अधिनमा रही विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने सहायता परिचालन गर्ने, गराउने,

ट) विपद्को अवस्थामा बैकल्पिक खानेपानीको व्यवस्थापन गर्ने, र

ठ) विपद् उद्दारका लागि खुला स्थानहरुको पहिचान र व्यवस्थित गर्ने,

(२) यस समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

(५) यस समितिले विपदको अवस्थामा तत्काल सुरक्षा निकाय परिचालन गरी विपद् पिडितहरुको उद्धार गर्न र विपद्बाट पीडितहरुलाई राहत प्रदान गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहने गरी एक प्रदेश विपद् पिडित उद्धार तथा राहत कोषको स्थापना गर्नेछ ।

(६) यसरी गठित विपद् पिडित उद्धार तथा राहत कोषको संचालन दफा ५ वमोजिम गठित विपद् व्यवस्थापन कोषसँगको सहकार्य र समन्वयमा गर्नु पर्नेछ ।





(७) विपद्को अवस्थामा आवश्यक सामग्रीहरु खरिद गर्दा दफा ७ (२) को व्यवस्था लागु हुनेछ ।

(८) यस समितिले राहत वितरण गर्दा दफा १६ बमोजिमको जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी राहत वितरण कार्य गर्नु पर्दछ ।

(९) विपद् पिडित उद्धार एंव राहत वितरण सम्बन्धी कोषको रकम आवर्ति कोष (रिभलविंग फण्ड) को रुपमा संचालनमा ल्याइनेछ ।

(१०) यस कोषको संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. विशेषज्ञ समिति गठन गर्न सक्नेः– (१) मन्त्रालयले विपद् व्यवस्थापन सम्बन्धि नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद् सम्बन्धि अध्ययन अनुसन्धान कार्यमा सल्लाह सुझाव उपलब्ध गराउन भूगर्भ विज्ञ, विशेषज्ञ चिकित्सक, विपद् व्यवस्थापन विज्ञ, वातावरण विज्ञ वा पूर्वाधार विज्ञ रहेको बढीमा पाँच सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिका सदस्यको योग्यता, काम, कर्तव्य तथा निजहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –५

## जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था

१६. जिल्ला विपद् व्यवस्थापन समितिः (१) जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको जिल्ला विपद् व्यवस्थापन समिति रहनेछः–

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष
(ख) जिल्ला समन्वय समितिको प्रतिनिधि (अधिकृत स्तर) - सदस्य
(ग) स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख - सदस्य
(घ) जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु - सदस्य
(ङ) जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयको प्रमुख - सदस्य
(च) राष्ट्रिय मान्यता प्राप्त दलका जिल्लास्थित प्रमुख प्रतिनिधि - सदस्य
(छ) नेपाल रेडक्रस सोसाइटीको जिल्लास्थित प्रमुख - सदस्य
(ज) गैर सरकारी संस्था महासंघको जिल्लास्थित प्रमुख - सदस्य
(झ) नेपाल पत्रकार महासंघको जिल्लास्थित प्रमुख - सदस्य
(ञ) नेपाल उद्योग वाणिज्य महासंघको जिल्लास्थित प्रमुख - सदस्य
(ट) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत - सदस्य-सचिव
(ठ) सम्बन्धित जिल्लाका विपद्को घटना भएको क्षेत्रका प्रदेश सभा सदस्यहरुलाई आमन्त्रित सदस्यको रुपमा समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।





(२) जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सहयोग गर्ने, गराउने,
(ख) जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने, गराउने,
(ग) जिल्लास्तरमा रहेका आपतकालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन गर्ने,
(घ) उपलब्ध स्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने,
(ङ) नेपाल सरकार एंव प्रदेश सरकारबाट स्वीकृत मापदण्डअनुसार राहत वितरण गर्ने, गराउने तथा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न, लगाउने,
(च) विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवतजावत नियन्त्रण गर्ने,
(छ) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउन लगाउने,
(ज) विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको व्यवस्थापन गर्ने, गराउने,
(झ) आपतकालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आश्रय गृहको व्यवस्था गर्ने,
(ञ) विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने,

(ट) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(ठ) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्न, लगाउने,

(ड) विपद्को अवस्थामा स्थानीयस्तरमा उपलब्ध सरकारी, गैरसरकारी एवं निजी यातायातका साधन, यन्त्र, सरसामान, खाद्यान्न, सामान आदि कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने, गराउने,

(ढ) विपद्को जोखिममा रहेको वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित संरचनाहरु भत्काउन लगाउने,

(ण) असुरक्षित भवन तथा स्थानमा रहेका विपद् प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,

(त) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदातालाई परिचालन गर्ने र सोको सुपरिवेक्षण गर्ने,

(थ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट गर्ने उद्धार तथा राहत एवं सहयोग आदि क्रियाकलापको समन्वय गर्ने,

(द) विपद्को समयमा खोज, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्यको लागि स्थानीय तह लगायत सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ध) विपद् पश्चात आउन सक्ने सहायक प्रकोपहरुको न्यूनीकरणका लागि आवश्यक कार्यहरू गर्ने,

(न) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने अवस्था रहेमा प्रदेश सरकार समक्ष सिफारिश गर्ने,





(प) विपद् सम्बन्धी सूचना प्रवाह गर्ने,

(फ) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण प्रदेश विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा पठाउने,

(ब) राहत वितरण गर्दा एकद्वार प्रणाली अपनाउनु पर्ने,

(भ) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने,

(३) जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कायविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. <u>स्थानीय विपद् व्यवस्थापन समिति</u> (१) गाउँ कार्यपालिकाका /नगर कार्यपालिकाको प्रमुखको अध्यक्षतामा प्रत्येक गाउँपालिका /नगरपालिकामा तोकिए बमोजिमको स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश विपद् व्यवस्थापन समितिबाट र विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न, लगाउने,

(ग) सरकारी, निजी एवं गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको

समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण गर्ने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्ड पालना गर्न लगाउने,

(च) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(छ) विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने,

(झ) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(ञ) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ट) स्थानीय स्तरमा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,





(ठ) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको एकिन तथ्यांक अद्यावधिक गरी राख्न लगाउने,

(ड) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ढ) विपद्को समयमा प्रयोग गर्न सक्ने गरी वारुणयन्त्र लगायतका अन्य अत्यावश्यक उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(ण) प्रदेश विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति तथा जिल्ला प्राकृतिक प्रकोप वा विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(३) स्थानीय विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ६

## सजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

१८. कसूर, सजाय, क्षतिपूर्ती, मुद्दा हेर्ने अधिकारी, पुनरावेदन, मुद्दाको अनुसन्धान र दायरी, नेपाल सरकार बादी हुने तथा प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने सम्बन्धी व्यवस्था विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद -१० बमोजिम हुनेछ ।

१९. <u>असल नियतले गरेको काममा सजाय नहुने:</u> यस ऐन बमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामको सम्बन्धमा कुनै राष्ट्रसेवक वा कर्मचारी उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन ।

२०. <u>नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने:</u> मन्त्रिपरिषदले यस ऐनमा तोकिए वा तोकिए बमोजिम उल्लेख भएको विषयमा ऐनको उद्देश्य पूर्ति गर्नको लागि आवश्यक पर्ने नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

*प्रमाणीकरण मिति : २०७५।०६।२६*

आज्ञाले,
जगदीश रेग्मी
सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।–
गो.हु.द.नं. १६।२०६२।६३